नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
# कम्पनी रजिष्ट्रारको कार्यालय
(............................................शाखा)

नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौं

पत्र संख्याः-
चलानी नम्बरः-

त्रिपुरेश्वर
काठमाडौं, नेपाल ।

# सूचना!!!

कम्पनी ऐन, २०६३ को दफा १३६.क बमोजिम कम्पनीको दर्ता खारेज सम्बन्धी विशेष व्यवस्था अनुसार कम्पनी खारेजी सम्बन्धी प्रक्रिया कम्पनी (पहिलो संसोधन) ऐन, २०७४ मिति २०७४/०१/१९ को मितिले २ वर्ष भित्र कार्यालय समक्ष निवेदन दिने व्यवस्था अनुसार मिति २०७६/०१/१८ गते समाप्त हुने भएको हुँदा सो अवधि भित्र देहायका कागजातहरु संलग्न राखी अनलाइन मार्फत कागजात पेश गर्नुहुन सम्बन्धित सबैको लागि जानकारी गराइन्छ । सो अवधि पश्चात् प्राप्त भएका निवेदन उपर यो सुविधा प्रदान नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

१. तोकिएको ढाँचाको निवेदन
२. खारेजी सम्बन्धी साधारण सभा र संचालक समितिको निर्णयको प्रतिलिपि
३. खारेजी सम्बन्धी कबुलियतनामा उद्घोषण
४. कार्यालयमा उपस्थित भइ गरेको सनाखत
५. कारोबार नगरेको सम्बन्धमा अडिटरको प्रमाण
६. सम्भव भएसम्म आ.व. २०७४/०७५ सम्मको कर चुक्ता प्रमाण
७. हालसम्मको साधारण सभाको निर्णय, अडिट रिपोर्ट र कम्पनी विवरण (दफा ५१)

२०७६/१/१२
भुवनहरि अर्याल
(रजिष्ट्रार)

फोन: ०१-४२५९९४८ (रजिष्ट्रार), ०१-४२६३०८९, ०१-४२६७२५६, ०१-४२१५०७७, ०१-४२६१८२१, ०१-४२५९९६१ (फ्याक्स)
E-mail: info@ocr.gov.np, URL/Website: www.ocr.gov.np